नेपाल सरकार
राष्ट्रिय परीक्षा बोर्ड
सानोठिमी, भक्तपुर नेपाल

पत्र संख्या :- ०८०।८१
च.नं. : १४९५

मिति : २०८१।०३।१९

**श्री प्रदेश परीक्षा सञ्चालन तथा व्यवस्थापन समिति, ७ ओटै।**
**श्री शिक्षा विकास तथा समन्वय इकाइ, ७७ ओटै ।**

विषयः पुरक (ग्रेडबृद्धि) परीक्षा सम्बन्धमा।

प्रस्तुत विषयमा माध्यमिक शिक्षा परीक्षा २०८० को पुरक (ग्रेडबृद्धि) परीक्षा सञ्चालन सम्बन्धमा परीक्षा केन्द्र निर्धारण लगायत निम्नानुसारका तयारी कार्यहरु गर्नु गराउनु हुन अनुरोध छ।

<u>तपसिलः</u>

१. परीक्षा केन्द्र निर्धारण सम्बन्धमा जिल्ला अन्तरगतका विद्यालयहरुबाट परीक्षामा सहभागी हुन सक्ने परीक्षार्थीको विद्यालयगत संख्या, जिल्लाको विषयगत परीक्षार्थी संख्या र जिल्लामा कायम हुने अधिकतम परीक्षा केन्द्रको संख्या यसैसाथ संलग्न गरी पठाइएको छ। उक्त विवरणका आधारमा माध्यमिक शिक्षा उत्तीर्ण परीक्षा समन्वय समितिको निर्णयबाट निम्नानुसार केन्द्र निर्धारण गरी १० दिन भित्र पठाइदिनु हुन।
   - ❖ जिल्ला सदरमुकाम वा धेरै विद्यालयलाई पायक पर्ने, सबै भन्दा वढी परीक्षार्थी अट्न सक्ने, यातायातको सहज पहुँच भएको,भौतिक पूर्वाधार तथा स्रोत साधन (कम्प्युटर, इन्टरनेट र फोटोकपी) को पर्याप्त सुविधा भएका विद्यालय,
   - ❖ यसैसाथ संलग्न जिल्लागत परीक्षा केन्द्रको संख्यामा नवढ्ने गरी प्रति केन्द्र ४०० परीक्षार्थी रहने गरी केन्द्र निर्धारण गर्ने,
   - ❖ प्राविधिक धार तर्फका विद्यालयका परीक्षार्थीहरुको परीक्षा केन्द्र एकै ठाउँमा रहने गरी निर्धारण गर्ने।
२. पछिसम्म फरक नपर्ने गरी केन्द्राध्यक्षको इमेल र सम्पर्क नं सहितको विवरण अनिवार्यरुपमा पठाइदिनु हुन।
३. परीक्षार्थी संख्या अनुसारको आवश्यक उत्तरपुस्तिका प्रदेश र जिल्लामा रहेका पुराना उत्तरपुस्तिकाहरुलाई समेत प्रयोग गर्ने गरी व्यवस्थापन गर्नु हुन।
४. परीक्षा सम्बन्धी सूचना मिति २०८१/०३/१८ को गोरखापत्र र बोर्डको वेवसाइट www.neb.gov.np र see.gov.np बाट हेर्नु हुन र उक्त सूचना अनुसार परीक्षार्थीहरुको फाराम भर्ने भराउने कार्य गराउनु हुन।
५. परीक्षार्थीको फाराम इन्ट्री सम्बन्धमा पछि जानकारी गराइनेछ।

२०८१/३/१९
..........................
**जंग बहादुर अर्याल**
**सदस्य सचिव**

सदस्य सचिव

**बोधार्थः**
**श्रीमान् अध्यक्ष ज्यू, राष्ट्रिय परीक्षा बोर्ड, सानोठिमी, भक्तपुर।**

फोन : ६६३०८४८, ६६३१३४४, ६६३१५८७, ६६३१५८६, ६६३०७४७, ५६३५०७३ फ्याक्सः ६६३०५५८, ६६३०८४८
इमेलः info@neb.gov.np वेभःwww. neb.gov.np